# ECHO OF HIS CALL

# बोलावटको प्रतिध्वनि

NEPALI

India's National Spiritual Newspaper

₹ 10/-

REACHING NATIONS

Published monthly in ENGLISH, TAMIL, MALAYALAM, TELUGU, HINDI, KANNADA, MARATHI, BENGALI, GUJARATI, ODIYA, ASSAMESE, PUNJABI, NEPALI, URDU, SINHALA & AFRIKAN

Editor : S. SAM SELVA RAJ

16 Languages

Associate Editors : Bro. BHUVAN DEVKODA
Bro. RAJ KUMAR BHANDARI

Vol. XXIII | MARCH 2023 | No. 03


## पवित्र बाइबल

**कृपया यो खण्ड कण्ठ गर्नुहोस् ।**

### परमप्रभुको प्रशंसा

### भजनसंग्रह ६६:१२-२०

१२. तपाईंले मानिसहरूलाई हाम्रा शिरमा चढ्न दिनुभयो, हामी आगो र पानीबाट भएर गयौं तर तपाईंले हामीलाई प्रशस्तताको ठाउँमा ल्याउनुभयो ।

१३. म तपाईंको मन्दिरमा हामेबलिसहित आउनेछु र तपाईंसित गरेका भाकल पूरा गर्नेछु ।

१४. म कष्टमा भएको समयमा मेरा ओठले प्रतिज्ञा गरेका तथा मेरो मुखले उच्चारण गरेका भाकल ।

१५. म तपाईंलाई मोटा पशुहरू बलिदान चढाउनेछु र भेडाहरूको वलि । म साँढे र बोकाहरू चढाउनेछु । सेला

१६. परमेश्वरसित डराउनेहरू सबै आओ र सुन, उहाँले मेरो निम्ति के गर्नुभयो, मलाई भन्न देओ ।

१७. मैले मेरो मुखले उहाँलाई पुकारें र मेरो जिब्रोबाट उहाँको स्तुति भयो ।

१८. यदि मैले मेरो हृदयमा अधर्मलाई आश्रय दिएको भए परमेश्वरले सुन्नुहुनेथिएन ।

१९. तर साँच्ची नै परमेश्वरले सुन्नुभएको छ, उहाँले मेरो प्रार्थनाका शब्दहरूमाथि ध्यान दिनुभएको छ ।

२०. परमेश्वरलाई महिमा होस्, जसले मेरो प्रार्थना अस्वीकार गर्नुभएको छैन, न त मबाट उहाँको प्रेम हटाउनुभएको छ ।

# तपाईंको शोक आनन्दमा परिणत हुनेछ (यूहन्ना १६:२०)

(मुख्य मण्डलीमा पास्टर एस. साम सेल्भाराजले दिनुभएको सन्देश)

**YOUR SORROW WILL BE TURNED INTO JOY!**

तपाईंको शोक आनन्दमा परिणत हुनेछ

*तिम्रा शोक र आँसु बितेर जानेछ,*
*छोरा निरास नहोऊ, छोरी निरास नहोऊ,*
*हाम्रो येशूले तिमीलाई त्याग्नुहुनेछैन ।*

*१. विगतको बारेमा विचार गरेर निरास नहोऊ, भइसकेको विगतको कुरा बिर्स,*
*परमेश्वरले नयाँ काम गर्नुहुनेछ, तपाईंले आजै, आजै पनि देख्नुहुनेछ ।*
*निरास नहोऊ, हो, निरास नहोऊ,*
*हाम्रो परमप्रभु परमेश्वरले तपाईंलाई त्याग्नुहुनेछैन ।*

*२. परमेश्वरले तोडिएको हृदय निको पार्नुहुन्छ, उहाँले चोट पाएकाहरूलाई सहायता गर्नुहुन्छ,*
*सबै चोटहरूमा मलहम पट्टी गर्नुहुन्छ, हाम्रा आँसु पुछ्नुहुन्छ, हो उहाँले तपाईंको आँसु पुछ्नुहुन्छ*
*निरास नहुनुहोस्, निरास नहुनुहोस्,*
*परमेश्वरले तपाईंलाई त्याग्नुहुनेछैन ।*

*३. तपाईंको शक्तिभन्दा बाहिरको जाँच गर्न उहाँले अनुमति दिनुहुनेछैन,*
*आवश्यक भएको शक्ति उहाँले दिनुहुन्छ, उहाँले तपाईंलाई मार्ग देखाउनुहुनेछ, हो, मार्ग,*
*निरास नहोऊ, निरास नहोऊ,*
*उहाँले तपाईंलाई त्याग्नुहुनेछैन । - एफआर. एस.जे. बेर्चम्यान्स्*

परमेश्वरले तपाईंलाई दिनुभएको ईश्वरीय सन्देश यही हो ।


बोलावटको प्रतिध्वनि- यूट्यूब च्यानल



## यूट्यूब ख्रीष्टियान च्यानल

तपाईंले पा. एस. साम सेल्भाराजसँग प्रार्थना गर्ने अवसर पाउनुहुनेछ ।


**५ मिनेटको सन्देश**

अंग्रेजी र हिन्दी, तामिल र तेलगू

हरेक दिन: बिहान ५ बजे

तामिल आइतवार सेवा: बिहान ८:३० बजे

बोलावटको प्रतिध्वनि सन् १९६९-२०१९ स्वर्णजयन्ती वर्ष



REACHING NATIONS

# तपाईंको प्रिय भाइबाट....



**हाम्रो मिसन नीति**

हामीले प्राचीन र प्रेरित पावलको समयको सम्झौता नगरिएको शिक्षा आधुनिक पुस्तालाई व्याख्या गर्नुपर्ने र शिक्षा दिनुपर्छ । यो आवश्यकताको घडी हो ।

**CHIEF EDITOR**
Angeline Selvakumari Henry, M.A., M.Ed.

**MANAGING EDITOR**
Pastor Alex Samson Sam, B.Th., M.Div.

**ADMINISTRATION**
Bro. N. Prakasam, M.A., General Manager

**EDITORIAL BOARD**
Sis. Jesy Veena Sam
Sis. Serena Bevin, M.A., M.Phil., B.Ed.
Dr. A. Richard Samuel, M.A., Ph.D.
Rev. Dr. K.R. Rajasekaran

**EDITOR, PUBLISHER & PRINTER**
Pastor S. SAM SELVA RAJ
Echo of His Call Printers
10, Mohammed Abdullah 2nd Street,
Chepauk, Chennai- 600 005, India.
Phone : (+ 91- 44) 2852 8282, 2852 9293, 2854 7766
Cell : (+91) 98410 71852, 95661 31858

**CORE LEADERS**
Bro. K. Puratchivendan
Bro. A. Edward Durai
Bro. A. Alvin
Bro. K. Abraham
Sis. Dhanalakshmi Chinnaiah

**E.mail ID**
sam@echoofhiscall.org
biblecor@yahoo.co.in

**WEBSITES**
www.echoofhiscall.org
www.stpaulsmatriculation.com

**YOUTUBE CHANNEL**
Echo of His Call

**"The Lord is my Shepherd; I shall not want" - Psalm 23:1**

प्रभुमा प्रियहरू,

हाम्रो प्रभु र मुक्तिदाता, येशू ख्रीष्टको नाउँमा म तपाईंलाई प्रेमपूर्वक अभिवादन गर्दछु ।

हाम्रो पत्रिका बोलावटको प्रतिध्वनिद्वारा परमेश्वरको आशिष् प्राप्त गर्ने सबै मानिसहरूका निम्ति हाम्रो परमेश्वरलाई हामी महिमा दिन्छौं । हामी आफ्नो प्रभुहरूका महाप्रभुलाई प्रशंसा गर्छौं किनभने हाम्रो नयाँ सुरु भएको यूट्यूब च्यानलमा प्रसारण भएको बिहानीको समयमा ५ मिनेटको प्रभुको सन्देशबाट तपाईं आशिषित हुनुभएको छ भनेर हामीले थाहा पाएका छौं । हामीले सक्ने जति हामीले गरेका छौं ताकि तपाईंले लाभ पाउन सक्नुभएको होस् ।

दिनहरू बित्दै जाँदा प्रभुको सेवकाइ वृद्धि भएको छ। मानिसहरूले आशिष् प्राप्त गरेका छन्। तर हामीले सोही कठिनाइहरू र संघर्षहरू अनुभव गरेका छौं, जुन सुरुको मण्डलीका प्रेरितहरूलाई भएको थियो । जब हामीले विभिन्न सेवकाइहरू र सुसमाचारद्वारा दिलाबलसको किल्लाहरूलाई भत्काउँछौं, दियाबलसले दिक्क मान्छ भन्ने कुरामा कुनै अचम्मको कुरा छैन ।

तर हामी निरास भएका छैनौं । पहिलो प्रेरितहरू र हाम्रा पुर्खाहरूले प्रचार गरेका सिद्धान्तहरू हामीले बिना सम्झौता प्रचार गरेका र सिकाएका छौं । हाम्रो निम्ति प्रार्थना गरिदिनहुन हामी अनुरोध गर्दछौं । सम्भव भएका कुनै पनि तरिकामा हामीलाई सहायता गर्न अगाडि आउन हामी तपाईंलाई स्वागत गर्दछौं । हामीलाई तपाईंका सहायता र संगतिको आवश्यकता छ ।

हामीले यो महिना र आउने महिनाहरूमा धेरै यात्रा गर्न लागेका छौं । हामीलाई तपाईंको प्रार्थनामा सम्झिदिनुहोला । आत्माहरूका निम्ति साँचो बोझको साथमा गरिने सेवकाइको मार्ग वास्तवमै कठिन छ । धेरै अवस्थाहरूमा परमेश्वरका हाम्रा धेरै सेवकहरूका परिवारका सदस्यहरू बिरामी छन् । हामीले तपाईंको प्रार्थना र प्रेमको साथमा सान्त्वना पाएका छौं ।

हामी तपाईंका पत्रहरू र सल्लाहहरूको अपेक्षा गर्दछौं । हामी पनि तपाईंको निम्ति प्रार्थना गर्छौं । यसका अतिरिक्त, हामीले तपाईंका प्रार्थनाका आग्रहहरू परमेश्वरकहाँ गम्भीर रूपमा लैजान्छौं र तपाईंको निम्ति प्रार्थना गर्छौं । हामी तपाईंलाई ख्रीष्टको प्रेमले प्रेम गर्दछौं । आफ्ना भेटीले हामीलाई नियमित सहायता गर्ने सम्पूर्ण प्रिय दाजुभाइ तथा दिदीबहिनीलाई परमप्रभुले इनाम देऊन् । आमेन ।

ख्रीष्ट येशूमा तपाईंका सेवकहरू

ख्रीष्ट येशूमा तपाईंका सेवकहरू,

*पास्टर एस. साम सेल्भाराज र एलेक्स सामसन साम*

(+91) 98412 71858 / 98410 71858, E.mail : samselvaraj333@gmail.com

विगत केही दिनहरूमा, मैले विभिन्न प्रकारका र देशका मानिसहरूलाई भेट्ने मौका पाएँ । तीमध्ये मैले विद्वानहरू, डाक्टरहरू, शक्तिशाली राजनीतिबाटका मानिसहरू, अफिसरहरू, उद्योगपतिहरू, धनी मानिसहरू, परामर्शदाताहरू, सामान्य र मध्यमवर्गीय मानिसहरू, कम पढेलेखेका मानिसहरू, परमेश्वरको भय मान्ने र परमेश्वरबिनाका मानिसहरू, विद्यार्थीहरू, पर्यटकहरू, तीर्थयात्रीहरू, व्यापारीहरू, कलाकारहरू, लेखकहरू, विश्वासीहरू र परमेश्वरका सेवकहरू भनेर आफैंलाई बताउने मानिसहरूलाई भेटेको थिएँ। तिनीहरूमाथि आइपरेका विभिन्न प्रकारका कठिनाइहरू वा संघर्षहरूका बारेमा म साक्षी हुन सक्थें । त्यसकारण, मानिसहरूले परमेश्वरको खोजी गर्दै विभिन्न तीर्थयात्रा केन्द्रहरूमा भ्रमण गर्छन् ।

Our Ministries: ECHO OF HIS CALL Monthly Magazines (16 languages) BIBLECOR - Postal Courses (3 languages) Media Ministry Online Courses Theological Correspondence Courses (2 languages) Church Planting Nehemiah Bible Colleges Gospel Printing Press Great Commission Partners St. Paul's Matriculation School Crusades Community Development


कहिलेकाहीँ केही भक्त मानिसहरूले त्यस्ता काम गर्छन्, जुन तिनीहरूलाई थाहा हुँदैन । विभिन्न तीर्थयात्राका केन्द्रहरूमा आफ्नो भ्रमणको तयारीमा केही मानिसहरूले धेरै दिनसम्म आफैंलाई दण्ड दिने काम गर्छन् तर तिनीहरू निस्कनुअघि केही मानिसहरू तिनीहरूका निम्ति प्रार्थना गर्न आग्रह गर्दै हामीकहाँ आउँछन् । म तिनीहरूलाई न तुच्छ ठान्छु नता गिज्याउँछु । तर के हामीले तिनीहरूमा चाहना र रित्तो स्थान देख्न सक्दैनौं ? असल मानिसहरूका निम्ति यो तिनीहरूका परम्परा र संस्कृति हुन्, जुन साँचो छुटकारा प्राप्त गर्न बाधाको रूपमा उभिन्छ । **कठिनाइहरू र समस्याहरूले भरिएको यो संसारमा केही मानिसहरूले परमेश्वरको राज्य र त्यसको बिस्तारको बारेमा सोच्छन्, संसारका मानिसहरूका बानीहरू र परम्पराहरूबाट आफैंलाई अलग गर्छन् र आफ्नो पवित्रता कायम राख्दै शान्ति र आनन्दमा जिउँछन् । त्यसको निम्ति कारण के हो त ? त्योचाहिँ हाम्रो प्रभु येशू ख्रीष्टको पुनरुत्थानको शक्ति हो, जसले सामान्य मानिसहरूको जीवनमा पनि काम गर्छ । हामीमध्ये हरेक जनाले यो अनुभव गरेको हुनुपर्छ ।**

जब येशू ख्रीष्टको पुनरुत्थानको शक्ति कसैको जीवनमा आउँछ, ऊ अयोग्य भए पनि ऊ अत्यन्तै उपयोगी मानिस बन्नेछ । साथै जब यो शक्तिले दीर्घकालीन रोग भएको व्यक्तिको जीवनमा हस्तक्षेप गर्छ, उसको रोग निको हुन्छ । येशूले भन्नुभयो, **...ममाथि विश्वास गर्ने मऱ्यो भने पनि जीवित हुनेछ** (यूहन्ना ११:२५) । कुनै व्यक्तिको कुनै अंगले काम गर्दैन, उसले प्रभु येशू ख्रीष्टलाई आफ्नो व्यक्तिगत मुक्तिदाताको रूपमा स्वीकार गर्छ र उहाँ परमेश्वरको पुत्र हुनुहुन्छ भनेर विश्वास गर्छ र पश्चात्ताप गर्छ भने उसले प्रभुको अलौकिक चङ्गाइ प्राप्त गर्नेछ र ऊ सामान्य मानिसझैं जिउँछ ।

## लाजरस र येशू ख्रीष्ट

येशू ख्रीष्टको मित्र लाजरस मरे । तर प्रभु येशू ख्रीष्टले लाजरसलाई मृतकबाट जीवित पार्नुभयो । तापनि, वृद्ध उमेरको कारण तिनी पछि बिते । तर क्रूसमा मर्नुभएको प्रभु येशू ख्रीष्ट तेस्रो दिनमा मृतकबाट जीवित हुनुभयो, उहाँ फेरि मर्नुभएन । आफैंलाई परमेश्वरको अवतार भनेर दाबी गर्ने मानिसहरू मरे । तिनीहरूका शरीर गाडिएका चिहानहरू सधैं बन्द छन् । तर प्रभु येशू ख्रीष्टको चिहान मात्रै अझै खुल्ला छ । यो ऐतिहासिक रूपमा प्रमाणित कुरा हो ।

रोमी अधिकारीहरू र मन्दिरका अधिकारीहरूले येशूको चिहानमा पूर्ण सुरक्षा दिएका थिए । बाइबलले भन्दछः **तब तिनीहरूले गएर ढुङ्गामा मोहोर लाए र पहरादारहरू खटाएर चिहान सुरक्षित राखे** (मत्ती २७:६६) । तर प्रभु येशू ख्रीष्ट तेस्रो दिनमा मृतकबाट जीवित हुनुभयो (मत्ती २८:१-८) । शबाथपछि हप्ताको पहिलो दिनमा मरियम मग्दलिनी र अर्को मरियम चिहानमा हेर्न आए । प्रभु येशू ख्रीष्टले आफू तेस्रो दिनमा मृतकबाट जीवित हुनुहुनेछ भनेर आफ्ना चेलाहरूलाई पहिले नै बताउनुभएको थियो र उहाँसँग ३.५ वर्ष सँगै भएका र उहाँसँग सेवका गरेका मानिसहरूचाहिँ आफ्नो घरमा थिए । तिनीहरूले प्रभुलाई आफ्नो साँचो प्रेम देखाउन असफल भएका थिए । पछि यही कुराले तिनीहरूलाई शोक र चिन्ता दिएको थियो । तर येशूले तिनीहरूका कमजोरीलाई आफ्नो मनमा लिनुभएन । तर उहाँ तिनीहरूकहाँ देखा पर्नुभयो, तिनीहरूलाई सान्त्वना दिनुभयो, तिनीहरूलाई शक्तिशाली प्रेरितहरूमा परिणत गर्नुभयो र तिनीहरूका शोकलाई आनन्दमा परिणत गर्नुभयो ।




**Statement about ownership and other particulars about the Newspaper Echo of His Call (Nepali) - Form IV (See Rule 8)**

1. Place of Publication : **New No. 8 & 10, Old No. 18 & 19, Mohammed Abdullah 2nd Street, Chepauk, Chennai - 600 005.**
2. Periodicity : **Monthly**
3. Printer, Editor, Owner & Publisher : **S. Sam Selva Raj** (Same Address)
4. Nationality : **Indian**

I, **S. Sam Selva Raj** hereby declare that the particulars given above are true to the best of my knowledge and belief.

**March 2023** **S. Sam Selva Raj.**

प्रिय मित्र, तपाईंले विभिन्न अवसरहरू र भिन्दै तरिकाहरूमा प्रभुको प्रेम चाख्नुभएको भए पनि प्रभुको प्रेमबाट तपाईंलाई अलग गर्ने तपाईंका साना शंका, चाहना र शरीरका अभिलाषा छैनन् ? निरास नहनुहोस्, तपाईंका कमजोरीस्वीकार गर्नुहोस् र येशूकहाँ फेरि आउनुहोस् । **तपाईंको शोक आनन्दमा परिणत हुनेछ ।**

## परमेश्वरका छोराछोरीको सावधानी

परमेश्वरसँगको संगतिलाई सुरक्षा गर्दै प्रभुको आनन्द कसैले कसरी प्राप्त गर्न सक्छ भन्ने बारेमा मेरो स्वर्गीय पास्टर जी. सुन्दरमले मण्डलीलाई दिनुभएको दुई वटा व्यवस्था म तपाईंलाई बताउँछु ।

परमेश्वरका कुनै पनि सेवक वा प्रचारक संसारको कुनै पनि भागमा जान सक्छ र प्रभुको सेवा गर्न सक्छ। तर तिनीहरूले डोरीको एउटा छेऊ आफ्नो नाडीमा बाँध्नुपर्छ र अर्को छेउचाहिँ प्रभुले तपाईंलाई दिनुभएको मण्डलीमा बाँधिनुपर्छ । शनिवारको दिनमा तपाईंले सेवा गर्नुहुन्न भने तपाईंले आफ्नो मण्डलीमा सहभागी हुनुपर्छ, अरूसँग प्रभुको आराधना गर्नुपर्छ, परमेश्वरको वचन धैर्यताका साथ प्राप्त गर्नुपर्छ र पालन गर्नुपर्छ ।

दोस्रो, उहाँको अनुग्रहद्वारा हामीमध्ये हरेकले पापमय सोचाइ, पापमय बानी, खराब सम्बन्धबाट छुटकारा पाएका छौं। तर हामीले छुटकारा पाएको पापमा हामी फेरि फर्कनुहुँदैन भन्ने कुरामा हामीले सावधानी अपनाउनुपर्छ। तिनीहरूले हामीलाई आक्रमण गर्न सक्ने अवसरहरू हुन सक्छन् । सावधान हुनुहोस् ।

एक क्षणको निम्ति, तपाईंले हाम्रो प्रभु येशू ख्रीष्टको अनुग्रहद्वारा दुर्व्यसनीबाट छुटकारा पाउनुभएको छ भने तपाईंले सावधानीपूर्वक छुटकारालाई जोगाइराख्नुपर्छ । तपाईं त्यो स्थानको नजिक जानुहुँदै र तपाईंको पैसाको निम्ति केही परिवर्तन पाउनको निम्ति जानुहुन्न । साथै तपाईंले आफ्ना पुराना साथीहरूबाट अलग बस्नुपर्छ र कहिल्यै पनि त्यस्तो सम्बन्धमा रहनुहुँदैन । तपाईं आफ्नो समाधानमा स्थिर हुनुहुन्छ भने तपाईंले विजय र पूर्ण आनन्द पाउनुहुनेछ ।

## मरियम मग्दलिनी र अर्की मरियम

सात वटा दुष्टात्माले सताइएकी मरियम मग्दलिनीलाई येशूले छुटकारा दिनुभएको



थियो । तिनको साथमा अर्की मरिमय पनि येशूको चिहानमा आएकी थिई, जहाँ येशूको शरीर दफन गरिएको थियो। त्यहाँ ठूलो भूकम्प गएको थियो किनकि प्रभुको एउटा दूत स्वर्गबाट तल आएका थिए र ढोकामा भएको



ढुङ्गालाई गुडाएर खोले र त्यसमाथि बसे (मत्ती २८:२) ।

प्रिय दाजुभाइ तथा दिदीबहिनी, तपाईंको जीवनमा पनि छेक्ने ढुङ्गा हुन सक्छ, जसलाई हटाउन सकिएको छैन । कहिलेकाहीँ, यसलाई तपाईंले वा बलियो वा धनी व्यक्तिले हटाउन सक्दैन । तर नडराउनुहोस्, कहीँ पनि मार्ग नभएको स्थानमा परमेश्वरले मार्ग बनाउनुहुनेछ । त्यो टाढा रहिरहन सक्दैन । तपाईंलाई सुरक्षा दिन परमेश्वरले आफ्ना स्वर्गदूतहरूलाई खटाउनुहुनेछ । स्वर्गदूतहरू तपाईंको निम्ति काम गरिरहेका छन् ।

*....Contd. to page 6*


नहेम्याह बाइबल
आवासीय कलेज, चेन्नाइ
माध्यमः हिन्दी
*ATA- सदस्यताको निम्ति दर्ता भएको उम्मेद्वार*
विगत ५३ वर्षदेखि अन्तरराष्ट्रिय खीष्टियान अगुवाहरु र सिनियर पास्टरहरुबाट पहिचान भएको
ईश्वरशास्त्रमा प्रमाणपत्र: एक वर्ष
ईश्वरशास्त्रमा डिप्लोमा: दुई वर्ष
योग्यताः दश कक्षा र सोभन्दा माथि भर्नाको लागि छिटो गर्नुहोस्।
Contact : The Chairman, Nehemiah Bible College.
10, MOHAMMED ABDULLAH 2ND STREET, CHEPAUK, CHENNAI - 600 005, INDIA.
Phone : (+91-44) 2852 8282, Cell : (+91) 98410 71852 / 95661 31858
E.mail : sam@echoofhiscall.org / Website : www.echoofhiscall.org
★ अनलाइन कक्षाहरु उपलब्ध छन् ★

# महान् आज्ञा सहयोगीहरु

## बाँड्न (गलाती ६:२), सहायता (रोमी १२:१३ र गति बढाउन (२ तिमोथी १:६)

## प्रार्थनाको अनुरोध

(कृपया यो पृष्ठ निकालेर आफ्नो बाइबलमा राख्नुहोस् र निरन्तर प्रार्थना गर्नुहोस्)

### परमेश्वरलाई प्रशंसा गरौं...

**मार्च १९:** हाम्रो सेन्ट मेट्रिकुलेसन स्कुल, नहेम्याह बाइबल कलेज र ईश्वरशास्त्रीय पत्राचार कोर्सको सबै क्रियाकलापहरूका निम्ति ।

**मार्च २०:** १६.०१.२०२० मा भएको हाम्रो मण्डलीका कर्मचारीहरूको बैठकमा आशिषको निम्ति ।

**मार्च २१:** यूट्यूब च्यानल Echo of His Call को निम्ति नयाँ ग्राहकहरूका साथमा हामीलाई आशिष् दिनुभएको निम्ति ।

**मार्च २२:** हाम्रा कर्मचारीका परिवारहरूमाथि उहाँको आशिष् खन्याउनुभएको निम्ति ।

**मार्च २३:** सम्प्रदायहरूमा भए पनि सबै मण्डलीका युवाहरू र बालबालिकाहरूका बीचमा जागृतिको निम्ति ।

**मार्च २४:** दुर्गम क्षेत्रहरूमा परमेश्वरको काममा संलग्न भएका मिसनरीहरू र उहाँका परिवारहरूका निम्ति ।

**मार्च २५:** भारत र भारतबाहिर भएका विभिन्न स्थानहरूमा हाम्रो सिनियर पास्टर एस. साम सेल्भाराजको सफल भ्रमणको निम्ति, जुन आशिषित भएको थियो ।

**मार्च २६:** हाम्रा प्रार्थनाका साझेदारहरू, विश्वासका साझेदारहरू, जीवनका साझेदारहरू, ग्राहकवर्गहरू, महान् आज्ञाका साझेदारहरू र उहाँका परिवारहरूमाथि आशिष्को निम्ति ।

**मार्च २७:** १९६९ देखि पत्रिका सेवकाइमा हाम्रो समर्पणतामा उहाँको प्रशस्त आशिष्को निम्ति ।

**मार्च २८:** हाम्रो सुसमाचारीय छापाखाना र प्रभावकारी कर्मचारीहरूका साथमा निरन्तर यसको संचालनको निम्ति ।

**मार्च २९:** हाम्रो बोलावटको प्रतिध्वनिका सहसम्पादकहरू र उहाँका परिवारहरूका निम्ति ।

**मार्च ३०:** मिसनरीहरूलाई आर्थिक र प्रार्थनाको सहायता प्रदान गर्न हामीलाई सक्षम बनाउनुभएको निम्ति ।

**मार्च ३१:** संसारभरि बाइबल र ख्रीष्टियान साहित्यको प्रकाशनमा संलग्न भएका मानिसहरूका आवश्यकता पूरा गर्नुभएको निम्ति ।

**अप्रिल १:** आफ्नो व्यक्तिगत आवश्यकताको बीचमा पनि हाम्रा सेवकाइहरूलाई आर्थिक रूपमा सहायता गर्नुहुने साझेदारहरूका साथमा हामीलाई आशिष् दिनुभएको निम्ति ।

**अप्रिल २:** ईश्वरीय सुरक्षा र असल स्वास्थ्यको साथमा हाम्रा सिनियर पास्टर एस. साम सेल्भाराज र उहाँको परिवारलाई आशिष् दिनुभएको निम्ति ।

**अप्रिल ३:** साँचो ख्रीष्टियान सिद्धान्तमा जग बसालिएका मिसनरीहरूबाट सुरु गरिएको स्कुलहरूका साथमा संसारले पाएको आशिष्को निम्ति ।

### कृपया प्रार्थना गरौं...

**अप्रिल ४:** संसारभरि रहेका मण्डलीहरूमा जागृतिको निम्ति ।

**अप्रिल ५:** अकल्पनीय प्राकृतिक विपत्तिहरूबाट सुरक्षाको निम्ति ।

**अप्रिल ६:** मुख्य मण्डली र शाखा मण्डलीमा भएका बोलावटको प्रतिध्वनिका विश्वासीहरू र उहाँका परिवारहरूको हीतको निम्ति ।

**अप्रिल ७:** हाम्रो मुख्य र शाखा मण्डलीहरूमा हाम्रो असल शुक्रवार र इष्टर सेवाहरूका निम्ति ।

**अप्रिल ८:** नहेम्याह बाइबल कलेजमा भएका हाम्रा आवासीय र साँझका विद्यार्थीहरू अनुशासित र समर्पित भएका होऊन् ।

**अप्रिल ९:** लागुपदार्थको कूलतबाट बालबालिका र युवाहरूको सुरक्षाको निम्ति ।

**अप्रिल १०:** संसारभरि वृद्धि भइरहेका नराम्रा बानीहरूबाट बालबालिका र युवाहरू सुरक्षित रहून् ।

**अप्रिल ११:** हाम्रो सेन्ट पावलस् मेट्रिकुलेसन स्कुलको दश कक्षामा भएका विद्यार्थीहरूका निम्ति, जो आफ्नो सरकारी परीक्षामा सहभागी हुन लागेका छन् ।

**अप्रिल १२:** संसारभरि बच्चाको बेचबिखन रोकिएको होस् ।

**अप्रिल १३:** शैक्षिक सत्र २०२३-२४ को निम्ति हाम्रो सेन्ट पावलस् मेट्रिकुलेसन स्कुलको निम्ति नयाँ विद्यार्थीहरूको भर्नाको निम्ति ।

**अप्रिल १४:** ३ जून, २०२३ मा हुन लागेको हाम्रो नहेम्याह बाइबल कलेजको दीक्षान्त समारोहको निम्ति ।

**अप्रिल १५:** यो महिनाको सबै आर्थिक आवश्यकताहरू पूरा हुन सकेको होस् ।

**अप्रिल १६:** शैक्षिक सत्र २०२३-२४ को निम्ति हाम्रो आवासीय र साँझको नहेम्याह बाइबल कलेजको निम्ति योग्य विद्यार्थीहरूको भर्नाको निम्ति ।

**अप्रिल १७:** हाम्रो सिनियर पास्टर एस. साम सेल्भाराजको बहुसंख्यक सेवकाइको निम्ति नयाँ दर्शनको साथमा उहाँलाई आशिष् बनाउन ।

**अप्रिल १८:** संसारभरि रहेका राष्ट्रपतिहरू, प्रधानमन्त्रीहरू, मुख्य मन्त्रीहरू र सांसदहरूका निम्ति ।

*....Contd. from page 4*

तिनीहरूले ढुङ्गाहरूलाई हटाउनेछन्, जसले तपाईंका आशिष् छेकिरहेका छन् र प्रभुको आशिष्मा आनन्द गर्न तपाईंलाई दिनेछन् र स्वर्गदूतहरू त्यस ढुङ्गामाथि बस्नेछन्। तपाईं परमेश्वरको आशिष्को सुरुवातमा हुनुहुन्छ । स्थिर हुनुहोस् । **चाँडै नै तपाईंका शोक आनन्दमा परिणत हुनेछन् ।**



## हाम्रा गलत सिद्धान्तहरू

परमेश्वरका छोराछोरीहरू, आनन्दित हुनुहोस् । तपाईंका मार्ग जे कुराले बन्द गरे पनि ती हटाउन हाम्रो प्रभु येशू खीष्ट शक्तिशाली हुनुहुन्छ । मानव जातिको आशिष्को चाबी संसारमा भएका कुनै पनि मानिससँग उपलब्ध छैन । चाबीचाहिँ हाम्रो प्रभु येशू खीष्ट मात्रै हुनुहुन्छ । आफ्ना सबै कष्ट उहाँकहाँ छोड्नुहोस् । हामी उहाँबाट टाढा हुन्छौं भने यस कुराले धेरै ठूला शोक र कष्टहरू ल्याउन सक्छ । तपाईंमध्ये केही आफ्नो व्यक्तिगत जीवनमा र परमेश्वको सेवकाइमा पछि हट्नुभएको छ। त्यो अत्यन्तै ठूलो गल्ती हो । प्रभुले तपाईंलाई गरिबी र गहिरो खाडलबाट उठाउनुभएको छ र तपाईंलाई उच्च स्थानहरूमा राख्नुभएको छ। तपाईंले कसरी इन्कार गर्न सक्नुहुन्छ ? गल्तीहरू नदोहोऱ्याउन सावधान हुनुहोस् । पश्चात्ताप गर्नुहोस् । **त्यसो गर्दैगर्दा, तपाईंका शोक निश्चय नै आनन्दमा परिणत हुनेछ ।**

## हराएकोलाई खोज्नुहुने परमप्रभु

तेस्रो दिनमा प्रभु येशू खीष्ट मृतकबाट जीवित हुनुभयो । तापनि, उहाँका चेलाहरू आफ्नो



पुरानो पेशामा फर्किए, माछा मार्ने। योचाहिँ अचम्मलाग्दो कुरा हो । प्रभुले अझै पनि आफ्नो प्रेम देखाउनुहुन्छ । हामीले भनेझैं चेलाहरू तिबेरियसको समुद्रमा माछामार्नको लागि गएका थिए । तिनीहरूलाई भेट्नुहुने प्रभुले सोध्नुभयो, "के तिमीहरूसँग खानलाई केही खानेकुरा छ ?"

चेलाहरूले जतिसुकै कोसिस गरे पनि तिनीहरूले केही पनि समात्न सकेनन्। सेवकाइ

*बाँकी पृष्ठ ९ मा*


**नहेम्याह बाइबल**
**साँझको कलेज**

चेपाउक र सन्थोसापुरम, चेन्नाइ

माध्यमः तामिल

*ATA- सदस्यताको निम्ति दर्ता भएको उम्मेद्वार*

ECHO OF HIS CALL 1969-2019 REACHING NATIONS

Regd. Candidate for Membership ATA NEHEMIAH BIBLE COLLEGE CHENNAI ECHO OF HIS CALL Estd.: 1969

विगत ५३ वर्षदेखि अन्तरराष्ट्रिय खीष्टियान अगुवाहरु र सिनियर पास्टरहरुबाट पहिचान भएको

**ईश्वरशास्त्रमा प्रमाणपत्र: एक वर्ष**
**ईश्वरशास्त्रमा डिप्लोमा: दुई वर्ष**

योग्यताः दश कक्षा र सोभन्दा माथि भर्नाको लागि छिट्टै गर्नुहोस्।

**Contact : The Chairman, Nehemiah Bible College.**

**10, MOHAMMED ABDULLAH 2ND STREET, CHEPAUK, CHENNAI - 600 005, INDIA.**
**Phone : (+91-44) 2852 8282, Cell : (+91) 98410 71852 / 95661 31858**
E.mail : sam@echoofhiscall.org / Website : www.echoofhiscall.org

★ अनलाइन कक्षाहरु उपलब्ध छन् ★

## हाम्रो मुख्य कार्यालयमा भएका हाम्रा सेवकाइहरूका निम्ति प्रार्थना गरिदिनुहोस्

१. प्रार्थना सभा: : चौबीसै घण्टा
२. **बाइबलकोर** - बाइबल करेस्पोस्डेन्स् कोर्सेस: अङ्ग्रेजी, हिन्दी र तमिल
३. **बोलावटको प्रतिध्वनि** मासिक पत्रिका: अङ्ग्रेजी, तामिल, मलायाम, तेलुगू, हिन्दी, कन्नाडा, मराठी, गुजराती, बङ्गाली, उरिया, नेपाली, असामी, पंजाबी, उर्दू, सिन्हाला र अफ्रिकी भाषामा ।
४. नहेम्याह बाइबल कलेज (दुई केन्द्रहरू) (साँझ / आवासीय)
५. ईश्वरशास्त्र पत्राचार कोर्स: तामिल र अङ्ग्रेजी
६. महान् आज्ञाका साझेदारहरू (पास्टरहरूको सञ्जाल)
७. तालिम कार्यक्रम
८. क्रुसेडहरू
९. साहित्य वितरण र अनुगमन
१०. सुसमाचार छापाखाना- प्रकाशन
११. सेन्ट पावल मेट्रीकुलेसन विद्यालय- भिलेज अंग्रेजी हाई स्कुल

| | |
|---|---|
| १२. बालसंगति | आइतवार बिहान ८:३० बजे र दिउँसो ४:०० बजे |
| **१३. तमिल सेवा:** | **बिहान ८:०० बजे र १०:०० बजे आइतवार** |
| **१४. हिन्दी सेवा:** | **आइतवार साँझ ४:०० बजे** |
| **१५. तेलगू सेवा:** | **आइतवार साँझ ५:०० बजे** |
| **१६. अङ्ग्रेजी र तमिल सेवा:** | **आइतवार साँझ ६:०० बजे** |
| १७. पास्टरीय परामर्श: | आइतवार बेलुका ७: ३० बजे |
| १८. स्त्रीहरूको प्रार्थना: | बुधवार बेलुका ५:३० बजे |
| १९. मध्य-साता बाइबल अध्ययन: | बुधवार साँझ ६:३० बजे |
| २०. पुरुषको प्रार्थना: | शुक्रवार साँझ ७:०० बजे |
| २१. चेलापन बैठक: | शनिवार साँझ ६:०० बजे |
| २२. घरेलु संगति: | साँझ ६:३० मंगलवार र बिहीवार |
| २३. विशेष पवित्र प्रभुभोज: | प्रत्येक महिनाको पहिलो दिन ५:३० बजे |
| २४. सेवकाइ पुनरावलोकन बैठक: | पहिलो शनिवार साँझ ५:३० बजे |
| २५. अभिभावकको प्रार्थना: | पहिलो आइतवार साँझ ४:०० बजे |
| २६. रात्री प्रार्थना: | दोस्रो शुक्रवार राती ९:३० बजे |
| २७. उपवास प्रार्थना: | तेस्रो शनिवार बिहान ९:३० बजे |
| २८. प्रभुभोज सेवा: | दोस्रो आइतवार सेवा |
| २९. बिहानको आराधना: | प्रत्येक बिहान ५:०० बजे |
| ३०. कर्मचारी आराधना सेवा: | प्रत्येक बिहान ९:०० बजे |
| ३१. कार्यालय समय: | बिहान ९ देखि बेलुकी ९ सम्म (आइतवार बाहेक) |

## बोलावटको प्रतिध्वनि पत्राचार कोर्स

### १. बाइबलकोर

बाइबलको आधारभूत सत्यतामा नयाँ खीष्टियानहरू र गैह्रखीष्टियानहरूलाई अङ्ग्रेजी, हिन्दी र तामिल भाषामा हामीले पत्राचार कोर्स प्रस्तुत गर्छौं । तपाईंले **नयाँ जीवन – तपाईंको लागि** भन्ने शीर्षक भएको ७० पृष्ठको कोर्सको किताब पाउनुहुनेछ । तपाईंले यो कोर्स पूरा गरेपछि तपाईंलाई प्रमाणपत्र दिइनेछ । **कुनै पनि अनिवार्य शुल्कहरू यसमा लाग्नेछैन** । यो कोर्स भारतमा हुनुभएको व्यक्तिको लागि मात्र हुनेछ ।

### २. ईश्वरशास्त्रीय पत्राचार कोर्स

पास्टरहरू, सुसमाचार प्रचारकहरू र खीष्टियान अगुवाहरूका लागि ईश्वरशास्त्रीय पत्राचार कोर्स भनिने आधुनिक पत्राचार शिक्षा पनि उपलब्ध छ । यसको लागि शुल्क रु. १,०००/– लाग्नेछ । १४२ पाठहरू भएको ७ वटा पुस्तकहरू उपलब्ध गराइनेछ । तपाईंले **सेवकाइमा प्रमाणपत्र** पाउनुहुनेछ ।

**बिस्तृत जानकारीको लागि:**

**The Chairman, Nehemiah Bible College,**
Echo of His Call, Post Box 2957
CHEPAUK, CHENNAI - 600 005.
**Ph.: (044) 2852 8282, 2852 9293, 2854 7766,**
**Cell : 98410 71852, 95661 31858**
**E.mail : biblecor@yahoo.co.in**

## निःशुल्क मासिक पत्रिका बोलावटको प्रतिध्वनि प्राप्त गर्ने राम्रो अवसर

तपाईले आफ्ना साथीहरु / आफन्तहरुका ठेगानाहरु हुलाक, पत्र, इमेल, ह्वाटसएप वा फोनबाट हामीलाई पठाउन सक्नुहुन्छ भने हामीले निःशुल्क **बोलावटको प्रतिध्वनि** मासिक पत्रिका पठाउनेछौं ।

## कर छुट

भारतबाट कुनै पनि व्यक्ति वा संस्थाबाट **Echo of his Call Educational Trust** लाई आउने सहयोग चन्दाहरूमा आयकर ऐनको खण्ड ८० जी अन्तर्गत आयकरको छुट छ । यस उद्देश्यको लागि आधिकारिक रसिद जारी गरिनेछ । कृपया यस्ता सहयोग चन्दाका लागि तपाईंका डिमाण्ड ड्राफ्टहरू / चेकहरू / मनी अर्डरहरू **Echo of his Call Educational Trust** को नाउँमा लेख्नु हुन र आयकर छुट पाउनको लागि तपाईंको आधारकार्ड र प्यान पनि हामीलाई पठाउनुहोला ।

| | | |
|---|---|---|
| **Account Name** | : | **ECHO OF HIS CALL EDUCATIONAL TRUST** |
| **Account Number** | : | **1023 2923 805** |
| **Bank Name** | : | **STATE BANK OF INDIA** |
| **Branch** | : | **TRIPLICANE, CHENNAI - 600 005** |
| **IFSC Code** | : | **SBIN 0000249** |
| **SWIFT Code** | : | **SBI NIN BB 455** |



# खाडलबाट दरबार

(पास्टर एस. साम सेल्भाराजको जीवनका अनुभवहरू)

"जसले पढ्छ, त्यसले बुझोस्" (मत्ती २४:१५)।

## ईश्वरीय भ्रमण

DIVINE VISITATION!

सन् १९७१ मा परमेश्वरको अनुग्रहद्वारा प्रभुले मलाई चेन्नाइ, चेपकाउमा बसोबास गर्ने अविश्वासीहरूप्रति बोझ दिनुभयो । यो क्षेत्रमा बसोबास गर्ने मानिसहरू असल थिए र परमेश्वरमा गहिरो विश्वास थियो । तिनीहरू मेहनेती थिए र तिनीहरू दिन र रात काम गर्ने गर्थे । चेपकाउमा धेरै प्रसिद्ध ठाउँहरू थिया: धेरै सिनेमा थिएटरहरू, क्रिकेट रंगशाला, पुलिस चौकी, संसारको दोस्रो लामा सुन्दर मरिना बिच, कामाराजर रोड, जसलाई शाही सडक पनि भनिन्छ, व्यस्त, अत्यन्तै लामो र सबैभन्दा प्रख्यात माउन्ट रोड, जसलाई अहिले अन्ना सलाइ भनिन्छ, लाइट हाउस, सेक्रेटारियट, इग्मोर स्टेसन र सेन्ट्रल स्टेसन भन्ने सबैभन्दा महत्वपूर्ण रेलवे स्टेसनहरू, धेरै सरकारी कार्यालयहरू, कुभाम नदी, प्रसिद्ध सान्थोमे चर्च, प्रसिडेन्सी कलेज, अन्ना मेमोरियल भवनहरू, आदि । योचाहिँ पुरानो चेन्नाइ (मद्रास) को महत्वपूर्ण भाग हो । मचाहिँ यो क्षेत्रको अत्यन्तै गरिब, अत्यन्तै धनी र साक्षर व्यक्तिहरूको आत्मिक जीवनप्रति बोझ पाएको थिएँ । त्यसैले, मैले परमेश्वरका दुई सहकर्मीहरूका साथमा हरेक रात ८ बजेदेखि १० बजेसम्म प्रार्थना गर्न सुरु गरें । तीमध्ये एक जना भाइ आइ. चन्द्र सिंह थिए, जो अहिले पोन्डिचेरीमा उद्योगी हुनुहुन्छ । अर्कोचाहिँ भाइ आइ. मोजेज पाक्किया मानी थिएन, जो अहिले चेन्नाइमा प्रख्यात व्यापारी हुनुहुन्छ । हामीले घुँडा टेक्ने गर्थ्यौं र महात्मा गान्धीको प्रतिमापछाडि प्रार्थना गर्थ्यौं । चलचित्रहरूले मानिसहरूलाई संसारमा डुबाउन अगुवाइ गरेको थियो भनेर जब हामीले महसु गऱ्यौं, सबै चलचित्रका थियटरहरू परमेश्वरले हटाइदिन वा बन्द गरिदिनुहोस् भनेर हामीले प्रार्थना गऱ्यौं ।

कस्तो अचम्म । म इमानदारपूर्वक घोषणा गर्छु । परमप्रभु परमेश्वरले हाम्रा प्रार्थनाको जवाफ दिनुभयो । पारागन थियटर, स्टार थिएटर, एल्बिनस्टन थिएटर, देवी थिएटर, शान्थि थिएटर, अन्ना थिएटर, चित्रा थिएटरजस्ता केही थिएटरहरू बन्द भएका थिए । तयसैले हामीले धेरै मानिसहरूका बीचमा सुसमाचार घोषणा गर्न सकेका थियौं, जो चलचित्रहरू हेर्न अत्यन्तै पागल थिए र बासनापूर्ण जीवन जिइरहेका थिए । तीमध्ये धेरै जनाले येशूलाई ग्रहण गर्न सके र पवित्र जीवन जिउन सुरु गर्न सके । तर यो क्षत्रमा मण्डली थिएन । नयाँ विश्वासीहरू यहाँ भएका कुनै पनि मण्डलीमा पठाउन सकिँदैथ्यो । यो क्षेत्रमा मण्डली स्थापना हुन असम्भव थियो भनेर हामीले सोचेका थियौं । सन् १९८० सालमा भारतको चेपकाउमा परमेश्वरको मण्डलीको शाखा सुरु गर्न परमेश्वरले हामीलाई सक्षम बनाउनुभयो । तर आइतवारको दिनमा जीवित परमेश्वरको आराधना गर्न मण्डलीमा आउने साहस कसैले गरेनन् । मेरी पत्नी र सो समयमा सानै भएकी मेरी छोरी मात्रै थियौं, जसले ५ वर्षसम्म मसँग आराधना गरे । म आफ्नो एकर्डियन (वाद्यवादन) बजाउँथे र प्रचार गर्थें । त्यसको निम्ति मेरो अघि धेरै बाधाहरू थिए ।

एक दिन बिहान ८ बजे म मण्डलीको क्षेत्र सफा गर्दै थिएँ र सेवा सुरु हुने समय भएको थियो । सेवा संचालन गर्न मण्डलीको क्षेत्र मैले तयार गरेको भिए पनि कोही पनि सेवामा सहभागी हुन आउँदैनन् भन्ने विचारले म निरास भएको थिएँ । त्यसैले, म आफ्नो ओछ्यानमा आराम गर्न चाहें र त्यहाँ गएँ र आफ्ना आँखा बन्द गरें । म सुत्न सकिनँ । म एक प्रकारको अर्धचेतनामा गएँ र मैले सपना देखें ।
मेरो सपनामा मेरो घर चहकिलो बत्तीहरूले सजावट भएको मैले देखें । मैले आफ्नो घरमा मीठो सुगन्ध महसुस गर्न सक्थें । अचानक, मैले आराधना सेवा संचालनको लागि तयार गरेको क्षेत्रमा ५० वर्षीय वृद्ध प्रवेश गरे । तिनले सबै बत्तीहरू र पंखाहरूको स्वीच अन गरे । त्यसपछि, उहाँले घुँडा टेक्नुभयो र शान्त भएर प्रार्थना गर्न सुरु गर्नुभयो । त्यसपछि सो स्थानमा अन्य मानिसहरू पनि भरिएको मैले देख्न सक्थें ।

म व्यूँझें र तुरुन्तै मैले आफ्नी पत्नी र छोरीलाई बोलाएँ र जब हामीले मण्डलीमा प्रार्थना गर्न सुरु गऱ्यौं, पहिले नै त्यहाँ प्रार्थना



*Rev. Dr. Bevin Lawrence & Mrs. Serena Bevin*

गरिरहेको मानिस गायब भएको मैले थाहा पाएँ । मेरी पत्नी र मैले आफ्ना पाप स्वीकार गऱ्यौं र सेवा सुरु गऱ्यौं ।
केही मिनेटमा एक जना भाइ आफ्नी पत्नी र छोराको साथमा सेतो लुगा लगाएर आए, हामीसँगै घुँडा टेके । यो भाइ रेभ. डा. बेभिन लरेन्स हुनुहुन्छ, जसले अहिले धेरै सेवकाइहरू गरिरहनुभएको छ, उहाँको मुख्य कार्यालय कोडाइक्कानालमा रहेको छ । उहाँ मेडिकल डाक्टर र बिसप हुनुहुन्छ । उहाँकी पत्नी श्रीमती सेरेना विभिन अहिले **बोलावटको प्रतिध्वनि** पत्रिकाको सिनियर सहसम्पादक हुनुहुन्छ । उहाँहरू मिलेर धेरै सेवकाइहरू गरिरहनुभएका छ ।
त्यो दिनदेखि मानिसहरू आए पनि वा नआए पनि समयमा नै मेरा मण्डलीहरूको सेवा सुरु गर्छु । यही नै कुरा म आफ्ना सारा सहकर्मीहरू र कलेजका विद्यार्थीहरूलाई सिकाउँछु । परमेश्वर असल हुनुहुन्छ ।

***

*पृष्ठ ६ बाट*

सुरु गर्ने र केही कारण दिएर त्यसबाट अलग हुने र सांसारिक पेशा लिने मानिसहरूलाई मैले देखेको छु । तर तिनीहरूको अन्त्य विपत्तिमय हुनेछ । कसैले पनि यस्तो गल्ती गर्नुहुँदैन ।
माछा समात्नको निम्ति प्रभुले तिनीहरूलाई केही सल्लाह दिनुभयो र तिनीहरूले त्यसै गरे । उहाँ स्तुतियोग्य मुक्तिदाता येशू ख्रीष्ट हुनुहुन्छ । स्तुतिमय गहन बोलावटद्वारा उहाँले तपाईंलाई छान्नुभयो, तपाईंलाई वरदान र प्रतिभा दिनुभयो र तपाईंलाई उचाल्नुभयो । तपाईंको प्रार्थनाद्वारा कति वटा दुष्टात्माहरू निकालिएका छन् ? निको हुन नसक्ने रोगबाट निको भएका कति जना छन् ? केही समस्याहरू वा केही सांसारिक आनन्दको कारण के तपाईं परमेश्वरको प्रेमबाट भाग्नुभएको छ ?

## एक क्षणको निम्ति तपाईंका जीवनको बारेमा सोच्नुहोस्

तपाईंका छोराछोरी र अरूमाथि आइपरेका समस्याहरूबाट के परमेश्वरले तपाईंलाई छुटकारा दिनुभएको छ ? जब तपाईं रोग, असफलता, कठिनाइहरूबाट कष्टित बन्नुभएको थियो, परमेश्वरले आफ्नो आश्चर्यकर्मबाट तपाईंलाई कसरी छुटकारा दिनुभएको थियो भनेर सोच्नुहोस् । तपाईंले उहाँको सहायतामा एक पटक आनन्द गर्नुभएको थियो भने परमप्रभु तपाईंसँग हुनुहुन्छ र तपाईंप्रति दयालु हुनुहुन्छ भन्ने त्यसको अर्थ होइन र ? कृपया, उहालाई नत्याग्नुहोस् र तपाईंको जीवनमा उहाँलाई पहिलो स्थान दिनुहोस् । तपाईंको शोक आनन्दमा परिणत हुनेछ ।
हरेक दिन हामीले आफ्नो जीवनमा धेरै आँधीहरूको सामना गर्छौं । ती आँधीहरू विभिन्न दिशाहरूबाट, भिन्दै गतिको साथमा




विभिन्न मानिसहरूबाट आउँछ । हामी आँधी, हुरी, तुफान र टोर्नेडोसँग सामना गर्छौं । हामीले आँधीको प्रकारको बारेमा हेरौं, जब ती हामीकहाँ आउँछन्, हाम्रो जीवनमा त्यसले के कस्ता चोटहरू दिन्छन् र परमेश्वरको शक्तिद्वारा हामीले कसरी त्यसमाथि विजयी हुन सक्छौं ।
अवस्था नराम्रो हुनुअघि नै हामीले काम गर्नुपर्छ । आक्रमण गर्ने अवस्था र अवस्था हातबाट बाहिर जाने अवस्थाको बीचमा हाम्रो निम्ति समय हुन्छ । हरेक थोक हाम्रो नियन्त्रणको अधीनमा ल्याउन परमेश्वरको अनुग्रह दिन उहाँ दयालु हुनुहुन्छ । हामीले सम्पूर्ण बुद्धि र सावधानीपूर्वक सम्हालेको परमेश्वरले चाहनुहुन्छ । म यसलाई आँधीको रूपमा बताउँछु, हाम्रो मनमा सामना गर्ने थोकहरू र मानिसहरूबाट आउने समस्याहरू । जब हामीले आँधी आउन लागेको कुरालाई महसुस गर्छौं, हामीले सुरक्षाका कुराहरूलाई लिँदैनौं भने हामी डुब्न सक्छौं । त्यसकारण, हाम्रो प्रभु येशू ख्रीष्टले यूहन्ना ९:४ मा रातमा आउने कुराहरूका बारेमा बताउनुहुन्छ । त्यो आउनुअघि नै प्रभुले आफ्नो काम पूरा गर्न चाहनुहुन्छ । उहाँले त्यसै गर्नुभयो । हामीलाई नष्ट गर्न शैतान पर्खेर बसिरहेको छ (१ पत्रुस ५:८) । तपाईंको जीवनमाथि परमेश्वरको पूर्ण नियन्त्रण छ भन्ने कुरा मनमा राखेर आफ्ना चुनौतीहरूको सामना गर्नुहोस् । नरिसाउनुहोस् । शोक नगर्नुहोस् । सम्पूर्ण अवस्थाहरूमा परमेश्वरलाई प्रशंसा गर्ने कोसिस गर्नुहोस् । परमेश्वरका प्रतिज्ञाहरू दोहोऱ्याउनुहोस् । परमेश्वर मसँग र मेरो निम्ति हुनुहुन्छ । सम्पूर्ण त्यस्ता अवस्थाहरूमाथि विजयी हुने म हुँ । स्वर्गका परमेश्वरले तपाईंलाई आशिष् देऊन् ।

************

## विशेष सूचना

### हामीलाई मानार्थ प्रतिनिधिहरूको आवश्यकता रहेको छ

ढिलै भए पनि हामीले पत्ता लगाएका छौं कि सिंहाला, नेपाली, उर्दू र अफ्रिकान्स भाषामा प्रकाशन भएका बोलावटको प्रतिध्वनि पत्रिकाका पाठकहरूको संख्या ठूलो रूपमा घटिरहेको छ । योचाहिँ हाम्रा पुराना मित्रहरूको गुमाइ र सम्भवतः उहाँको आवास परिवर्तनको कारण भएको हुन सक्छ । हामीले पाठकहरूको संख्या वृद्धि गर्ने तरिका र मार्गहरूका बारेमा सोचिरहेका छौं ।
प्रयासको एउटा उपायको रूपमा हामी हाम्रा नेपाली उर्दू, सिंहला र अफ्रिकी पाठकहरूबाट मानार्थ प्रतिनिधिहरूलाई अनुरोध गर्दछौं
(१) आफ्ना सम्बन्धित भाषाहरूमा पत्रिकाको निम्ति धेरैभन्दा धेरै पाठकहरू भर्ना गर्ने ।
(२) आफ्ना सम्बन्धित देशहरू वा क्षेत्रहरूमा भएका पाठकहरूका निम्ति धेरै प्रतिहरू छाप्न र वितरण गर्न अगाडि आउने र
(३) नयाँ ठेगानाहरू उपलब्ध गर्न र फोटोकपी लिएर वितरण गर्न र ती परिवारहरू मित्रहरूलाई पठाउन केही मानार्थ प्रतिनिधिहरू खडा गरेर हामीलाई सहायता गर्नुहोस् ।

RNI NO. TNNEP/2000/2841, Postal Regn. No. TN/CH/(C)/194/21-23 WPP NO. TN/PMG(CCR)/WPP-220/21-23

## बोलावटको प्रतिध्वनि

**यूट्यूब**

जब तपाईंको समय हुन्छ कृपया हाम्रो Echo of His Call You Tube च्यानल हेर्नुहोला र सस्क्राइब गरिदिनुहोला । – सम्पादक

## OUR BANK DETAILS:

### *1. Bank : State Bank of India*

| | | |
|---|---|---|
| Branch | : | **Triplicane, Chennai-5** |
| Name | : | **S. Sam Selva Raj** |
| A/C No. | : | **1023 2934 679** |
| IFSC | : | **SBIN 00 00 249** |

SWIFT CODE : **SBI NIN BB 455**

### *2. Bank : ICICI Bank*

| | | |
|---|---|---|
| Branch | : | **Anna Salai, Chennai-6** |
| Name | : | **Echo of His Call** |
| A/C No. | : | **6038 0502 2319** |
| IFSC | : | **ICIC 000 6038** |

### *3. Bank : State Bank of India*

**(This Account is for Tax Exemption for Indians only )**

| | | |
|---|---|---|
| Branch | : | **Triplicane, Chennai-5** |
| Name | : | **Echo of His Call Educational Trust** |
| A/C No. | : | **1023 2923 805** |
| IFSC | : | **SBIN 00 00 249** |

**Google Pay: 98410 71858**
**PayPal : SAM SELVA RAJ**

*****

**E.mail : sam@echoofhiscall.org**

# ECHO OF HIS CALL

Monthly magazines in 16 languages, Bible Colleges, Postal Courses, Church Planting, Village English High School, Gospel Printing Press, Crusades, Seminars, Social Services, etc.

Annual Subscription : Rs. 100/- Life Subscription : Rs. 2000/-

The multifarious activities of **Echo of His Call Ministries** are supported by the free-will offerings and donations of God's children like you. You may support **Echo of His Call** and its activities as the Lord leads you. We need your help to send forth the Gospel to the unreached people and plant Churches.

If you would like to receive **ECHO OF HIS CALL** magazines regularly, please write to us with your e.mail Id and Cell Phone number. Whenever you change your postal or e.mail addresses, please do inform us your old and new addresses.

**Echo of His Call** is available in 16 languages in our website also. You can read them by going into the site as well as downloading them and get blessed.

Your letters, prayer requests and your financial helps (**Money Orders, Cheques or Demand Drafts, NEFT, PayPal (Sam Selva Raj, sam@echoofhiscall.org) PhonePe (98410 71858), Gpay (98410 71858), Western Union, MoneyGram,** etc.) to **ECHO OF HIS CALL** may please be sent to the address below.

Please send your **Land Phone / Mobile Phone Numbers and E.mail addresses** for updation.

Our address :

**ECHO OF HIS CALL**

10, MOHAMMED ABDULLAH 2ND STREET, CHEPAUK, CHENNAI - 600 005, INDIA
PH: (+91-44) 2852 8282, 2852 9293, 2854 7766/ Cell: (+91) 98410 71852, 95661 31858 / E.mails: sam@echoofhiscall.org / biblecor@yahoo.co.in
Websites: www.echoofhiscall.org / www.stpaulsmatriculation.com

**YOU CAN SEND YOUR DONATION ONLINE ALSO**

RNI NO. TNNEP/2000/2841
**Postal Regn. No. TN/CH/(C)/194/21-23**
**WPP NO. TN/PMG(CCR) / WPP- 220/21-23**
**Date of Publication: Third week of every month**
**Date of Posting : 15th & 16th of every month**
**Posted at "Egmore RMS / 1 Patrika Channel"**

**on 16th MARCH 2023**

**If un-delivered please return to:**
**ECHO OF HIS CALL (NEPALI)**
**P.O. Box No. 2957,**
**Chepauk, Chennai - 600 005, INDIA.**
**Phone: (+ 91- 44) 2852 8282, 2852 9293, 2854 7766**

***JESUS LOVES YOU!***

**To**

*GOD BLESS YOU!*

Owned and published by **S. Sam Selva Raj** from New No. 8 & 10, Old No.18 & 19, Mohammed Abdullah 2nd Street, Chepauk, Chennai-600 005 and printed by **S. Sam Selva Raj** at **Echo of His Call Printers,** New No. 8 & 10, Old No.18 & 19, Mohammed Abdullah 2nd Street, Chepauk, Chennai-600 005. Editor: **S. Sam Selva Raj.**